आज मिति २०८२ पुष ३० गते बुधबारका दिन विहान ८:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह<br>श्री तिर्थराज डाँगी | वडा अध्यक्ष - वडा नं. ६<br>का.बा वडा अध्यक्ष वडा नं. १ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

**आमन्त्रित**

श्री तिलक रावल — शाखा अधिकृत

श्री पुष्पकमल ओली — लेखा अधिकृत

मिति २०८२/०९/३० गतेको कार्यपालिकाको १७३ औं बैठकमा पेस भएका प्रस्तावहरु

| क.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | पुर्व निर्णयहरुको कार्यान्वयन अवस्थाबारेमा समिक्षा सम्वन्धमा । | पुर्व निर्णयहरुको कार्यान्वयन अवस्था बारेमा समिक्षा गर्ने सम्वन्धमा छलफल गर्ने | |
| २ | राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन सम्वन्धमा । | राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालनको मिति तय गर्ने देखि सञ्चालनका विविध पक्ष सन्दर्भमा छलफल गरी निर्देशन दिने सम्वन्धमा । | |
| ३ | बेरुजु फस्योंट सम्वन्धी कार्यविधिको मस्यौदा सम्वन्धमा छलफल गर्ने । | बेरुजु फस्योंट सम्वन्धी कार्यविधिको मस्यौदा २०८२ सम्वन्धमा छलफल गरी स्वीकृति गर्ने सम्वन्धमा छलफल गर्ने । | |
| ४ | सम्पुर्ण आयोजनाको सम्झौता माघ मसान्त भित्रमा सम्पन्न गरिसक्ने सम्वन्धमा । | त्रिवेणी गाउँपालिका अन्तर्गत क्रमशः सम्पुर्ण वडाहरुमा १०,१,१,७,११,२ गरी जम्मा ३२ वटा मात्र आयोजना सम्झौता भएको हुँदा सम्झौतामा नै ढिलाई हुँदा आयोजनाको कार्यान्वयन तथा गुणस्तर सुनिश्चितता कायम गर्न समेत कठिनाई हुने हुँदा सम्पुर्ण आयोजनाको सम्झौता माघ मसान्त भित्रमा सम्पन्न गर्ने सो नभएमा त्रिवेणी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०८२ बमोजिम बजेट समर्पण गर्ने सम्वन्धमा छलफल गर्ने । | |
| ५ | झोलुङ्गे पुलको सामानको भाडा उपलब्ध गराउने सम्वन्धमा । | त्रिवेणी गाउँपालिका वडा नं. ३ स्थित कारेवास देखि छत्रेश्वरी गा पा ७ राङसी जोड्ने झोलुङ्गे पुल निर्माणको लागि विगत ५ वर्ष देखि राखिएका झोलुङगे पुलका सामानहरु हाल सम्म उपयोग नभएको हुँदा सो को उपयोगको लागि आगामि आर्थिक वर्षमा योजना तयार गर्नुपर्ने साथै निवेदकले पेश गरेको मिति देखिको निजहरुको घर तथा जग्गाको भाडा उपलब्ध गराउने सम्वन्धमा छलफल गर्ने । | |
| ६ | शिक्षा समिनिको निर्णय अनुमोदन गर्ने | शिक्षा समितिको मिति २०८२/०९/२५ गतेको निर्णय अनुमोदन गर्ने सम्वन्धमा। | |
| ७ | आयोजनाको रकम भुक्तानी सम्वन्धमा । | चण्डेश्वरी आधारभुत विद्यालय शैक्षिक सुधार तथा व्यवस्थापन तर्फको कार्य सम्पन्न भएको हुँदा भुक्तानी दिनको लागि कार्यालयलाई निर्देशन दिने ।<br>सृजना कृषि फर्म सिचाई कुलो निर्माण आयोजना वडा नं. ४ को कार्य सम्पन्न भएको हुँदा भुक्तानी दिनको लागि कार्यालयलाई निर्देशन दिने । | |

प्रमाणित
२०८२/०९/३०

CS CamScanner

निर्णयहरु

**निर्णय नं. -१,** प्रस्ताव नं. १ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको कार्यपालिका वैठकबाट भएका गत विगतका निर्णयहरुको कार्यान्वयन अवस्था बारेमा समिक्षा गरियो ।

**निर्णय नं. -२,** प्रस्ताव नं. २ माथी छलफल गर्दा, राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप खेलकुद प्रतियोगिताको सञ्चालन मिति २०८२/१०/१३ गते देखि १५ गते सम्म सञ्चालन गर्ने निर्णय गरियो साथै उक्त खेलकुद प्रतियोगितामा अध्यक्ष कप अन्तर्गत महिला भलिवल खेल पनि समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. -३,** प्रस्ताव नं. ३ माथी छलफल गर्दा वेरुजु फर्स्यौट सम्बन्धी कार्यविधिको मस्यौदा २०८२ सम्वन्धमा छलफल गरी स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. -४,** प्रस्ताव नं. ४ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिका अन्तर्गत क्रमशः सम्पुर्ण वडाहरुमा १०,१,१,७,११,२ गरी जम्मा ३२ वटा मात्र आयोजना सम्झौता भएको र सम्झौतामा नै ढिलाई हुँदा आयोजनाको कार्यान्वयन तथा गुणस्तर सुनिश्चितता कायम गर्न समेत कठिनाई हुने परिस्थिति सिर्जना हुने भएको हुँदा सम्पुर्ण आयोजनाको सम्झौता माघ मसान्त भित्रमा सम्पन्न गर्ने सो नभएमा त्रिवेणी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ बमोजिम बजेट समर्पण गर्ने निर्णय गरियो ।

**निर्णय नं. -५,** प्रस्ताव नं. ५ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिका वडा नं. ३ स्थित कारेवास देखि छत्रेश्वरी गा पा ७ राडसी जोड्ने झोलुङ्गे पुल निर्माणको लागि विगत ५ वर्ष देखि राखिएका झोलुङगे पुलका सामानहरु हाल सम्म उपयोग नभएको हुँदा सो को उपयोगको लागि आगामि आर्थिक वर्षमा योजना तयार गर्नुपर्ने साथै निवेदकले पेश गरेको मिति देखिको निजहरुको घर तथा जग्गाको भाडा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. -६,** प्रस्ताव नं. ६ माथी छलफल गर्दा, शिक्षा समितिको मिति २०८२/०९/२५ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. -७,** प्रस्ताव नं. ७ माथी छलफल गर्दा, देहायमा उल्लेखित आयोजनाको भुक्तानी दिने ।

क)चण्डेश्वरी आधारभुत विद्यालय शैक्षिक सुधार तथा व्यवस्थापन तर्फको कार्य सम्पन्न भएको हुँदा भुक्तानी दिनको लागि कार्यालयलाई निर्देशन दिने ।

ख)सृजना कृषि फर्म सिचाई कुलो निर्माण आयोजना वडा नं. ४ को कार्य सम्पन्न भएको हुँदा भुक्तानी दिनको लागि कार्यालयलाई निर्देशन दिने ।

प्रमाणित
२०८२/१०/२०

CS CamScanner